# विकास र वातावरण बीच सन्तुलन कायम राखौं । स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सम्मान गरौं ।

वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ मा **संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन**को व्यवस्था रहेको छ । वातावरणीय अध्ययन नगरी गरेका विकासका पूर्वाधारका कारण बस्ती जोखिममा परेको, मानिसको घरबास उठीबास भएको, बनाएका संरचना छोटो अवधिमा क्षतविक्षत भएको, मानव तथा बन्यजन्तुको जीवनयापनमा असर गरेको र जीवन नै चौपटमा परेको छ । तसर्थ, वातावरणीय अध्ययन सम्पन्न पश्चात मात्र विकास आयोजना कार्यान्वयन गर्नु गराउनु हुन सबैमा अनुरोध छ । तसर्थ सबै निकायहरुले वातावरणीय अध्ययन गरेर गराएर मात्र विकास आयोजना वा कार्यक्रमको विस्तृत तथा लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, ठेक्का लगाउने र कार्यादेश दिने जस्ता कार्य गर्नु, गराउनुहुन सम्बन्धित सबै निकायहरुमा मन्त्रालय हार्दिक अपिल गर्दछ ।

**अनुरोधक**
गण्डकी प्रदेश सरकार

# विकास र वातावरण बीच सन्तुलन कायम राखौं । स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सम्मान गरौं ।

विकासका पूर्वाधार निर्माण गर्दा प्रकृति, वातावरण र जीवजन्तुमा प्रत्यक्ष र परोक्ष असर तथा प्रभाव पर्दछ । विकासका पूर्वाधार तयार गर्ने क्रममा हुने सकारात्मक प्रभावलाई बढाउने, नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने र बैकल्पिक उपायहरुको खोजी वातावरणीय अध्ययनले गर्दछ । विकासको काम र त्यसले पार्ने प्रभावको आधारमा वातावरण संरक्षण नियमावली २०७७ मा **संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन**को व्यवस्था रहेको छ । वातावरणीय अध्ययन नगरी गरेका विकासका पूर्वाधारका कारण बस्ती जोखिममा परेको, मानिसको घरबास उठीबास भएको, बनाएका संरचना छोटो अवधिमा क्षतविक्षत भएको, मानव तथा बन्यजन्तुको जीवनयापनमा असर गरेको र जीवन नै चौपटमा परेको छ । तसर्थ, वातावरणीय अध्ययन सम्पन्न पश्चात मात्र विकास आयोजना कार्यान्वयन गर्नु गराउनु हुन सबैमा अनुरोध छ । वातावरण संरक्षण ऐन २०७६ को दफा ३५ मा संक्षिप्त वातावरणीय अध्ययन गराउनुपर्ने प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा पाँच लाख रुपैयाँसम्म, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा दश लाख रुपैयाँसम्म र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन गराउनुपर्ने प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पचास लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको छ । अत: सम्बन्धित सबै निकायहरुले वातावरणीय अध्ययन गरेर गराएर मात्र विकास आयोजना वा कार्यक्रमको विस्तृत तथा लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, ठेक्का लगाउने र कार्यादेश दिने जस्ता कार्य गर्नु, गराउनुहुन सम्बन्धित सबै निकायहरुमा मन्त्रालय हार्दिक अपिल गर्दछ ।

**अनुरोधक**

गण्डकी प्रदेश सरकार

# विकास र वातावरण बीच सन्तुलन कायम राखौं। स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सम्मान गरौं।

पृथ्वी सबैको साझा घर हो। पृथ्वीमा रहेका लाखौं जीवजन्तु मध्ये हामी मानिस एक हौं। हामीले हाम्रो सुविधा, सुख सयल, आनन्द र भोगविलासको लागि बाटो घाटो, पुल पुलेसा, नहर कूलो, भवन, विद्युत गृह, सुरुङ, सडक, औद्योगिक क्षेत्र तथा हवाइ मैदान जस्ता विकासका पूर्वाधार बनाइ रहेका छौं। यी पूर्वाधार बनाउँदा प्राकृतिक अवस्थामा खलल् पर्दछ नै। वातावरणीय अध्ययन बिना बनाएका विकासका पूर्वाधारका कारण प्रत्येक बर्ष ठूलो धनजनको क्षतिसमेत हुने गरेको छ। वातावरणीय अध्ययनले आयोजनाले पार्ने नकारात्मक असरलाइ न्यून गर्ने, बैकल्पिक उपायको खोजी गरी सुझाउने र सकारात्मक प्रभावलाई बढाउने कार्य गर्दछ। त्यसैले, विकासका पूर्वाधार निर्माण सम्बन्धी निकायहरुले विकासका आयोजनाहरुको कार्यान्वयन गर्नुपूर्व वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावलीमा भएका व्यवस्था अनुसरण गरी वातावरणीय अध्ययन गरेर मात्र आयोजना वा कार्यक्रम स्वीकृत गरी निर्माणको कार्य अगाडी बढाउन हुन सम्बन्धित सबैमा मन्त्रालय हार्दिक अपिल गर्दछ।

**अनुरोधक**

गण्डकी प्रदेश सरकार

# वन अपराध नियन्त्रण सम्बन्धी सूचना

वन फाँड्ने, वन क्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिज उत्खनन् गर्ने, आवास गर्ने, सडक तथा अन्य पूर्वाधार बनाउने, घर छाप्रो बनाउने, व्यवसाय सञ्चालन गर्ने जस्ता कार्य वन अतिक्रमण हो। यस्तै बिना इजाजत राष्ट्रिय वन, निजी वन, आवादी समेतको वन पैदावार कटान, संकलन र ओसारपसार गर्ने सबै कार्य वन अपराध अन्तर्गत पर्दछन्। तसर्थ वन अतिक्रमण तथा बिना इजाजत वन पैदावार कटान, संकलन र ओसारपसार गर्ने गराउनेलाई वन ऐन, २०७६ को दफा ५० वमोजिम बरामद काठको विगो जफत गरी अधिकतम पाँच वर्षसम्म कैद वा दुई लाख रुपैयासम्म जरीवाना वा दुवै सजाँय हुने प्रावधान छ। साथै पचास हजार भन्दा बढी मूल्य पर्ने बोझबाहक जस्तै ट्र्याक्टर लगायतका अन्य सवारी साधनमा बिना इजाजत वन पैदावार ओसारपसार गरे गराएमा सो बोझबाहक तथा सवारी साधन समेत जफत हुन्छ। यसका अलावा वन पैदावारमा आधारित उद्योगले प्रचलित वन सम्वन्धी कानुन विपरीत वन पैदावार राखेमा थप दुई लाख रुपैया जरिवाना हुनेछ। तसर्थ वन ऐन, २०७६ को बर्खिलाप हुने कार्यहरु नगर्न नगराउनु हुन मन्त्रालय सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्दछौ।

अनुरोधक

गण्डकी प्रदेश सरकार

# वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी सूचना

वन्यजन्तु पक्रने, शिकार गर्ने, आखेटोपहार राख्ने र ओसारपसार गर्ने कार्य गरेमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम अधिकतम दश लाख रुपैँयासम्म जरीवाना वा पन्ध्र वर्षसम्म कैद वा दुवै सजाँय हुनेछ । तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्यहरु नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ ।

**अनुरोधक**

गण्डकी प्रदेश सरकार

# वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

सुक्खा याम तथा खडेरीको मौसममा वन डढेलो लागी वन पैदावार, वन्यजन्तु तथा पंक्षीसमेतलाई हानी-नोक्सानी पुर्याई समग्र वातावरणमा नकारात्मक असर पर्न सक्ने सम्भावना भएकोले सुक्खायाम तथा हावाहुरी लाग्ने समयमा आफ्नो गाउँ घर वरिपरिको वन क्षेत्रलाई वन डढेलोबाट जोगाइ वन संरक्षण तर्फ अग्रसर हुन सवैमा अनुरोध छ। कथंकदाचित वन डढेलो लागी हालेमा वन उपभोक्ता समूह लगायतका सम्बद्ध पक्षहरु मिली तत्काल नजिकको वन कार्यालय तथा सुरक्षा निकायमा वन डढेलोको सूचना गर्ने तथा स्रोत र साधनले भ्याएसम्म सम्वन्धित सबै पक्षसँग सहकार्य गरी वन डढेलो तत्काल नियन्त्रण गर्न तथा निभाउन प्रयत्न गर्नुहुन मन्त्रालय हार्दिक अपिल गर्दछ।

**अनुरोधक**

गण्डकी प्रदेश सरकार

# जनहितमा जारी जरुरी सूचना

पछिल्लो समय वन क्षेत्र आसपासको गाउँबस्तीमा बाघ, भालु, चितुवा जस्ता वन्यजन्तुले आक्रमण गरी मानवीय तथा पशुधनको क्षति गरेको हुँदा विशेष गरी सूर्योदय पूर्व बिहानको समय र सूर्यास्त पछिको झिसमिसे साँझमा आफू र आफ्ना बालबच्चाको सुरक्षाको लागि उच्च सतर्कता अपनाई साँझको समयमा बालबच्चालाई एक्लै नछाडि दिनु भई सम्भावित क्षति हुनबाट जोगिन, जोगाउनुहुन अनुरोध गरिन्छ। साथै वन क्षेत्रमा घाँस, दाउरा, पात, स्याउला, सोत्तर लगायतका वन पैदावार संकलन गर्न जाँदा एक्लै आफूखुशी हिंडडुल नगर्न नगराउनु हुन र घर आसपासका झाडी सफा गरी साँझको समयमा घर बाहिर बत्ती उज्यालो पारी राख्न समेत अनुरोध छ।

**अनुरोधक**
गण्डकी प्रदेश सरकार

# जनहितमा जारी जरुरी सूचना

वन्यजन्तुको आक्रमणबाट हुने जनधनको क्षति वर्षेनी बढ्दो क्रममा देखिएकोले वन्यजन्तुको आक्रमणबाट बच्नको लागि सावधान होऔं। साँझ तथा रातको समयमा अति आवश्यक काम वाहेक अन्य कामका लागि वन क्षेत्र वरपर हिँडडुल नगरौं। हिड्नै परे समूहमा हिडौं। घरको कम्पाउण्ड तथा मूल ढोका राम्रोसँग बन्द गरी वन्यजन्तुको सम्भावित आक्रमणबाट आफ्नो परिवार तथा पशुधनको सुरक्षा गरौं।

**अनुरोधक**

गण्डकी प्रदेश सरकार

# जनहितमा जारी जरुरी सूचना

मानव बस्तीमा चितुवा प्रवेश गरी विशेष गरी बालबालिकालाई आक्रमण गरी घाइते बनाउने एवं मारेर खानेसम्मका दुःखद घटनाहरु घटीरहेका छन् । यसरी चितुवाको आक्रमणबाट हुने जनधनको क्षति बर्षेनी बढ्दो क्रममा देखिएकोले वन्यजन्तुको आक्रमणबाट बच्नको लागि सावधान होऔं । यस किसिमका घटनाहरुबाट बच्नको लागि आफ्ना बाबुनानीहरुलाई साँझ बिहानको समयमा घरबाहिर निस्कन नदिने, निस्कनै पर्ने भएमा अभिभावकको साथमा सुरक्षित भएर निस्कौं । आफ्नो बस्ती नजिकै चितुवा देखेमा वा बस्तीमा प्रवेश गरेको जानकारी प्राप्त भएमा नजिकैको सुरक्षा निकाय वा वन कार्यालयमा जानकारी दिने तर चितुवा देखिएको स्थानमा भिड जम्मा भई नजिकै जाने वा होहल्ला गर्ने वा चितुवालाई कुनै पनि तरिकाले जिस्काउने कार्य नगरौं ।

**अनुरोधक**

गण्डकी प्रदेश सरकार

# वन वातावरण तथा भू-संरक्षण मन्त्रालय, गण्डकी प्रदेशको अनुरोध

सुख्खा याममा वन जंगलमा डढेलो लागी वन्यजन्तु, वनस्पति एवं वातावरणमा नकारात्मक प्रभाव पर्ने तथा सुख्खा हुरी बतासको कारण सो आगो मानव वस्तिमा प्रवेश गर्न सक्ने सम्भावना बढेर जान्छ । साथै वर्षा यामको सुरुवातसंगै निरन्तरको वर्षातको कारण पहाडमा भू-क्षय र पहिरो जानसक्ने, तराईमा बाढी, डुवान र कटान हुन सक्ने सम्भावना रहन्छ ।यस्ता प्रकोपको कारण वर्षेनी ठुलो संख्यामा मानवीय एवं भौतिक क्षति हुने गरेकोले यस्ता प्रकोप हुन नदिन र भईहालेमा सोबाट पुग्ने मानवीय तथा भौतिक क्षती कम गर्न उच्च सतर्कता अपनाउन सम्वन्धित सबैमा हार्दिक अनुरोध छ ।

**अनुरोधक**

गण्डकी प्रदेश सरकार

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# वन वातावरण तथा भू-संरक्षण मन्त्रालय, गण्डकी प्रदेशको अनुरोध

वर्षा यामको सुरुवातसंगै निरन्तरको वर्षातको कारण पहाडमा भू-क्षय र पहिरो जानसक्ने, तराईमा बाढी, डुवान र कटान हुन सक्ने सम्भावना रहन्छ ।यस्ता प्रकोपको कारण वर्षेनी ठुलो संख्यामा मानवीय एवं भौतिक क्षति हुने गरेकोले यस्ता प्रकोप हुन नदिन र भईहालेमा सोबाट पुग्ने मानवीय तथा भौतिक क्षती कम गर्न समयमै उच्च सतर्कता अपनाई वर्षादको पानी एकैठाउमा जम्मा हुन नदिन भल कटाउने, खोल्सिहरुमा चेकड्याम निर्माण गर्ने, भिरालो जमिनमा वृक्षारोपण गर्ने, नदि कटान कम गर्न खोला किनारमा वृक्षारोपण तथा छेकवाध निर्माण गर्ने तथा डुवानको समयमा सुरक्षित रहन उच्च भुभागको खोजि गरिराख्ने लगायतका जैविक तथा संरचनागत संरक्षणका गतिविधिहरु अपनाई पुर्वतयारी अवस्थामा रहनुहुन सम्वन्धित सबैमा हार्दिक अनुरोध छ ।

**अनुरोधक**

गण्डकी प्रदेश सरकार

# वन डढेलो रोकथाम नियन्त्रण सम्बन्धी अत्यन्त जरुरी सूचना

जाडो याम सकिएसँगै गर्मी बढिरहेको र हुरी बतास चल्न शुरु भएको यस समयमा वन जङ्गलमा डढेलो लाग्ने प्रबल सम्भावना रहन्छ। यसले हाम्रो प्राकृतिक सम्पदा क्षणभरमै नष्ट भई वातावरणीय सन्तुलनमा ठूलो असर पुग्ने, पानीका मुहान सुक्ने, भूक्षय हुने, वायुमण्डलमा कार्वन उत्सर्जन हुन गई जलवायु परिवर्तनमा असर पुग्ने तथा गाँउबस्तीसम्म डढेलो फैलिनुका साथै तपाई हाम्रो लापरवाही र असावधानीका कारण घरगोठमा आगो लाग्न गई जनधनको ठूलो क्षति हुन सक्छ । तसर्थ,

- आ-आफ्नो वरिपरिको वन डढेलो लाग्न सक्ने क्षेत्र पहिचान गरी सो क्षेत्रमा बिशेष निगरानी राखौँ ।
- वन जङ्गल तथा मानिस आवतजावत गर्ने बाटोघाटो, सडकको दाँयाबाँया रहेका पातपतिङ्गर नियमित रुपमा हटाऔँ ।
- सलाई, लाईटर जस्ता प्रज्वलनशील वस्तु केटाकेटीको पहुँचबाट टाढा राखौँ । यस्ता वस्तु लिएर वनजङ्गल प्रवेश नगरौँ ।
- पिकनिक, वनभोज जाँदा आगो बालेपछि आगो निभाएर मात्र छोडौँ । वन जङ्गल छेउछाउबाट हिँड्दा वा यात्रा गर्दा चुरोट बिँडीका ठुटाहरु नफालौँ ।
- वन क्षेत्रभित्र रहेका अग्नीरेखाको नियमित सफाई तथा मर्मत सम्भार गरौँ । आवश्यकता अनुसार अग्नीरेखा निर्माण गरौँ ।
- समुदायमा आधारित वन उपभोक्ता समूहले अग्नी नियन्त्रकको व्यवस्था गरी सामुदायिक वनको नियमित अनुगमन गर्ने व्यवस्था अनिवार्य रुपमा मिलाऔँ ।
- अग्नी निरोधक सामग्रीको उचित व्यवस्थापन गरी तयारी अवस्थामा राखौँ ।
- आ-आफ्नो खरवारीमा घाँस पलाँउछ भन्ने सोच राखी डढेलो लगाउने प्रवृत्ति विगतका वर्षहरुमा देखिएकोले खरवारीमा डढेलो नलगाऔं, लगाउन नदिऔं ।
- वन जङ्गलसँग जोडिएका खेतवारीमा कृषि बालीका ठुटाठुटी, झिँगटा बालीसकेपछि आगो निभाएर मात्र छोडौँ ।
- वन जङ्गलमा डढेलो लाग्न नदिऔँ, लागि हालेमा सबै मिली स्थानीय जनसहभागिता जुटाई तुरुन्त निभाऔँ ।
- घर गोठमा हावाहुरी लागेको समयमा आगो नबालौँ। घर गोठको काम सकिएपछि आगो राम्रोसँग निभाऔँ ।
- चोरी शिकारी गर्ने क्रममा समेत वनमा आगलागी हुने गरेको र चोरी शिकारी गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ वमोजिम पन्ध्र हजार रुपैँयादेखि दश लाख रुपैँयासम्म जरिवाना र तीन महिनादेखि पन्ध्र बर्षसम्म कैद हुने भएकोले यस्तो कार्य कसैले पनि नगरौँ, नगराऔँ ।
- वन डढेलो लगाउने कार्य वन ऐन, २०७६ को दफा ४९ वमोजिम फौजदारी कसूर भएको र यस्तो कार्य गर्नेलाई सोही ऐनको दफा ५० वमोजिम क्षतिको विगो असुल उपर गरी साठी हजार रुपैँयासम्म जरिवाना र तीन बर्षसम्म कैद हुने भएकोले यस्तो कार्य कसैले पनि नगरौँ, नगराऔँ।
- आगलागीबाट आफू पनि बचौँ र अरुलाई पनि बचाऔँ ।
- आ-आफ्नो क्षेत्रमा आगलागी भएको जानकारी भएमा नजिकको वन कार्यालय, प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा खबर गरौँ।

**अनुरोधक**

गण्डकी प्रदेश सरकार

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# १. वन डढेलो रोकथाम नियन्त्रण सम्बन्धी अत्यन्त जरुरी सूचना

पस बर्ष हिउँदमा राम्रोसँग पानी परेन । वन जंङ्गल शुख्खा भएको छ। गर्मी बढिरहेको र हुरी बतास चल्न शुरु भएको छ। यस्तो अवस्थामा वन जङ्गलमा डढेलो लाग्ने प्रबल सम्भावना रहन्छ। यसले हाम्रो सदियौं देखिको प्राकृतिक सम्पदा क्षणभरमै नष्ट हुन्छ । यसबाट वातावरणीय सन्तुलनमा ठूलो असर पुग्ने, पानीका मुहान सुक्ने, भूक्षय हुने, वायुमण्डलमा कार्वन उत्सर्जन हुन गई जलवायु परिवर्तनमा असर पुग्ने तथा गाँउबस्तीसम्म डढेलो फैलिनुका साथै तपाई हाम्रो लापरवाही र असावधानीका कारण घरगोठमा आगो लाग्न गई जनधनको ठूलो क्षति हुन सक्छ । तसर्थ,

- आ-आफ्नो घरबारी वरिपरि वन डढेलो लाग्न सक्ने क्षेत्र पहिचान गरी सो क्षेत्रमा बिशेष निगरानी राखी राखौं ।
- वन जङ्गल हुँदै मानिस आवतजावत गर्ने बाटोघाटो, सडकको दाँयाबाँया रहेका पातपतिङ्गर नियमित रुपमा हटाऔं र सुरक्षित विसर्जन गरौं।
- सलाई, लाईटर जस्ता प्रज्वलनशील वस्तु केटाकेटीको पहुँचबाट टाढा राखौं। यस्ता वस्तु लिएर वनजङ्गल प्रवेश नगरौं ।
- पिकनिक, वनभोज जाँदा आगो बालेपछि आगो निभाएर मात्र छोडौं। वन जङ्गलको बाटो र छेउछाउबाट हिंड्दा वा यात्रा गर्दा बालेको सलाईको काटी र नभिभेका चुरोट बिंडीका ठुटाहरु नफालौं ।
- वन क्षेत्रभित्र रहेका अग्नीरेखाको नियमित सफाई तथा मर्मत सम्भार गरौं। आवश्यकता अनुसार अग्नीरेखा निर्माण गरौं ।
- समुदायमा आधारित वन उपभोक्ता समूहले अग्नी नियन्त्रक टोलीको व्यवस्था गरी सामुदायिक वनको नियमित अनुगमन गर्ने व्यवस्था अनिवार्य रुपमा मिलाऔं।
- अग्नी निरोधक सामग्रीको उचित व्यवस्थापन गरी तयारी अवस्थामा राखौं।
- आ-आफ्नो खरवारी र वन जङ्गलमा घाँस पलाँउछ भन्ने सोच राखी डढेलो लगाउने कार्य नगरौं।
- वन जङ्गलसँग जोडिएका खेतवारीमा कृषि बाली लगाउन सफा गर्दा नस्केका ठुटाठुटी, झिंगटा बालीसकेपछि आगो निभाएर मात्र छोडौं।
- वन जङ्गलमा डढेलो लाग्न नदिऔं, लागि हालेमा 'सबै मिली स्थानीय जनसहभागिता जुटाई तुरुन्त निभाऔं।
- घर गोठमा हावाहुरी लागेको समयमा आगो नबालौं। घर गोठको काम सकिएपछि आगो राम्रोसँग निभाऔं।
- वन डढेलो लगाउने कार्य वन ऐन, २०७६ को दफा ४९ बमोजिम फौजदारी कसूर हो । डढेलो लगाउने कार्य गर्नेलाई सोही ऐनको दफा ५० बमोजिम क्षतिको बिगो असुल उपर गरी साठी हजार रुपैँयासम्म जरिवाना र तीन बर्षसम्म कैद हुने भएकोले यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं।
- चोरी शिकारी गर्ने क्रममा समेत वन जङ्गलमा डढेलो लगाउने गरेको र चोरी शिकारी गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ वमोजिम पन्ध्र हजार रुपैँयादेखि दश लाख रुपैँयासम्म जरिवाना र तीन महिनादेखि पन्ध्र बर्षसम्म कैद हुने भएकोले यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं ।
- वन डढेलो र आगलागीबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
- आ-आफ्नो क्षेत्रमा आगलागी भएको जानकारी भएमा नजिकको वन कार्यालय, नजिकको सुरक्षा निकाय, पालिका कार्यालय र जिल्ला प्रशासन कार्यालयमा खबर गरौं। सबैको सहयोगमा मिलेर वन डढेलो नियन्त्रण गरौं।

**अनुरोधक**
गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

# २. वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

सुक्खा याम तथा खडेरीको समयमा वन डढेलो लागी वन पैदावार, वन्यजन्तु तथा पंक्षी र घरबस्ती समेतलाई हानी-नोक्सानी पुर्याई समग्र वातावरणमा नकारात्मक असर पर्न सक्ने सम्भावना भएकोले सुक्खायाम तथा हावाहुरी लाग्ने समयमा आफ्नो गाउँ नगर वरिपरिको वन क्षेत्रलाई वन डढेलोबाट जोगाइउन सहयोग गर्नु हुन सबै सम्बन्धित सबैमा अनुरोध छ। कथंकदाचित वन जङ्गलमा वन डढेलो लागी हालेमा वन उपभोक्ता समूह लगायतका सम्बद्ध पक्षहरु मिली तत्काल नजिकको वन कार्यालय तथा सुरक्षा निकायमा वन डढेलोको सूचना गर्ने तथा श्रोत र साधनले भ्याएसम्म सम्वन्धित सबै पक्षसँग सहकार्य गरी वन डढेलो तत्काल निभाउन प्रयत्न गर्नुहुन मन्त्रालय हार्दिक अपिल गर्दछ।


**अनुरोधक**

गण्डकी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

पोखरा

इमेलः moitfe4@gmail.com

# ३. वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

सुक्खा याम तथा खडेरीको मौसममा वन डढेलो लागी वन पैदावार, वन्यजन्तु तथा पंक्षीसमेतलाई हानी-नोक्सानी पु¥याई समग्र वातावरणमा नकारात्मक असर पर्न सक्ने सम्भावना भएकोले सुक्खायाम तथा हावाहुरी लाग्ने समयमा आफ्नो गाउँ नगर वरिपरिको वन क्षेत्रलाई वन डढेलोबाट जोगाइ वन संरक्षण तर्फ अग्रसर हुन अनुरोध छ। कथंकदाचित वन डढेलो लागी हालेमा वन उपभोक्ता समूह लगायतका सम्बद्ध पक्षहरु मिली तत्काल नजिकको वन कार्यालय तथा सुरक्षा निकायमा वन डढेलोको सूचना गर्ने तथा श्रोत र साधनले भ्याएसम्म सम्वन्धित सबै पक्षसँग सहकार्य गरी वन डढेलो तत्काल निभाउन प्रयत्न गर्नुहुन मन्त्रालय हार्दिक अपिल गर्दछ।

<u>**अनुरोधक**</u>


गण्डकी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

पोखरा

इमेलः moitfe4@gmail.com

# ४. वन डढेलोको रोकथाम र नियन्त्रणका लागि वन तथा वातावरणको अनुरोध

यस वर्ष पनि हिउँदमा पानी परेन। जमिनका साथै सबै वतावरण सुख्खा हुँदै गएको छ। वन जंगल, घर गोठको छेउछाउमा रहेका घाँस, पात पतिंगर, स्याउला, सुकेर जल्ने आस्थामा रहेका छन्। सानो आगोको झिल्काले पनि वनमा डढेलो लाग्न सक्छ। वन जंगल, धनजन, पशुपंक्षी एकैक्षणमा वनडढेलो चपेटमा परी सखाप हुन सक्छ। त्यसैले, घर वरिपरी घुरान पोल्दा, खेत बारीमा छाप्रो पोल्दा, गोल पोल्दा, रातमा राँको लिएर हिड्दा, वनभोज गर्दा होसियारी पूर्वक गरी आगो राम्रोसँग निभाउनु होस्। चुरोट खाएर ठूटा निभाएर सुरक्षित ठाउँमा फल्नुहोस्। बालबच्चाहरुबाट सलाई, लाईटर टाढा राख्नुहोस् र खेलाउन नदिनुहोस्। हाम्रो जीवनको आधार वन जंगल वन डढेलो लाग्नबाट जोगाउनुहोस्।

कहिंकतै कुनै कारणबाट वन क्षेत्रमा वन डढेलो लागेको देखिएमा तुरुन्त निभाउने कार्यमा सहभागी हुन सरोकारवाला सबैमा हार्दिक अनुरोध छ।

**अनुरोधक**

गण्डकी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

पोखरा

इमेलः moitfe4@gmail.com

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल

# ५. वन्यजन्तुको आक्रमणबाट जोगिने सम्बन्धी जनहितमा जारी जरुरी सूचना

पछिल्लो समयमा वन क्षेत्र आसपासको गाउँबस्तीमा बाघ, भालु, चितुवा जस्ता वन्यजन्तुले आक्रमण गरी मानवीय तथा पशुधनको क्षति गर्ने गरेको हुँदा विशेष गरी सूर्योदय पूर्व बिहानको समय र सूर्यास्त पछिको झिसमिसे साँझमा आफू र आफ्ना बालबच्चाको सुरक्षाको लागि उच्च सतर्कता अपनाई साँझको समयमा बालबच्चालाई एक्लै नछाडि दिनु भई सम्भावित क्षति हुनबाट जोगिन, जोगाउनुहुन अनुरोध गरिन्छ । साथै वन क्षेत्रमा घाँस, दाउरा, पात, स्याउला, सोत्तर, निगालो लगायतका वन पैदावार संकलन गर्न जाँदा एक्लै आफूखुशी हिँडडुल नगर्न नगराउनु हुनका साथै घर वरिपरी रहेका झाडीहरु सफा गरी साँझको समयमा घर बाहिर बत्ती उज्यालो पारी राख्न समेत अनुरोध छ ।


**अनुरोधक**

गण्डकी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

पोखरा

इमेलः moitfe4@gmail.com


गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल

# ६. वन्यजन्तुबाट सुरक्षित हुने सम्बन्धी जनहितमा जारी जरुरी सूचना

वन्यजन्तुको आक्रमणबाट हुने जनधनको क्षति वर्षेनी बढ्दो क्रममा देखिएकोले वन्यजन्तुको आक्रमणबाट बच्नको लागि सावधान होऔं। साँझ तथा रातको समयमा अति आवश्यक काम वाहेक अन्य कामका लागि वन क्षेत्र वरपर हिँडडुल नगरौं। हिड्नै परे समूहमा हिडौं। घर, गोठ र बाख्राको खोरका ढोका राम्रोसँग बन्द गरौं। वन्यजन्तुको सम्भावित आक्रमणबाट आफ्नो परिवार तथा पशुधनको सुरक्षा गरौं।


**<u>अनुरोधक</u>**

प्रदेश सरकार

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

सम्पर्क नं ०६१—४६७६५४, ०६१—४६७६६९, ०६१—४६७६७०

इमेलः moitfe4@gmail.com

# ७. वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी सूचना

वन्यजन्तु पक्रने, शिकार गर्ने, बन्यजन्तुको अङ्ग प्रत्यङ्ग राख्ने, ओसारपसार गर्ने कार्य गरेमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम पाँच लाखदेखि दश लाख रुपैँयासम्म जरीवाना वा पाचँ बर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाँय ब्यवस्था छ। तसर्थ, यी कानूनले निषेध कार्यहरु नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ।

**अनुरोधक**
गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा
इमेलः moitfe4@gmail.com

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

# ८. वन अपराध नियन्त्रण सम्बन्धी सूचना

राष्ट्रिय वन फाँड्ने, राष्ट्रिय वन क्षेत्रको जग्गा जोत्न, खन्ने, खनिज उत्खनन् गर्ने, आवास गर्ने, सडक तथा अन्य पूर्वाधार बनाउने, घर छाप्रो बनाउने, व्यवसाय सञ्चालन गर्ने जस्ता कार्यहरु वन अतिक्रमण हो। अनुमति नलिई राष्ट्रिय वन, निजी वन, आवादी समेतको वन पैदावार कटान, संकलन र ओसारपसार गर्ने सबै कार्य वन अपराध हुन्। वन अतिक्रमण तथा अनुमति नलिई वन पैदावार कटान, संकलन र ओसारपसार गर्ने गराउनेलाई वन ऐन, २०७६ को दफा ५० बमोजिम बरामद काठको बिगो जफत गरी अधिकतम पाँच बर्षसम्म कैद वा दुई लाख रुपैयासम्म जरीवाना वा दुवै सजाँय हुने यवस्था छ। साथै पचास हजार भन्दा बढी मूल्य पर्ने सवारीसाधन जस्तै ट्याक्टर लगायतका अन्य सवारी साधनमा बिना इजाजत वन पैदावार ओसारपसार गरे गराएमा उक्त सवारी साधन समेत जफत हुन्छ। यसका अलावा वन पैदावारमा आधारित उद्योगले प्रचलित कानुन विपरीत वन पैदावार राखेमा थप दुई लाख रुपैया जरिवाना हुने प्रवधान समेत छ। तसर्थ, वन ऐन, २०७६ को बर्खिलाप हुने कार्यहरु नगर्न नगराउनु हुन मन्त्रालय सरोकारवाला सबैमा हार्दिक अनुरोध छ।

**अनुरोधक**
गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा
इमेलः moitfe4@gmail.com

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल

# ९. चितुवाबाट जोगिने सम्बन्धी जनहितमा जारी जरुरी सूचना

मानव बस्तीमा चितुवा प्रवेश गरी विशेष गरी बालबालिकालाई आक्रमण गरी घाइते बनाउने एवं मार्ने सम्मका दुःखद घटनाहरु विगतमा घटीरहेका छन्। यसरी चितुवाको आक्रमणबाट हुने जनधन र घरपालुवा पशुको क्षति बर्षेनी बढ्दो क्रममा देखिएकोले वन्यजन्तुको आक्रमणबाट बच्नको लागि सावधान होऔं । यस किसिमका घटनाबाट बच्नको लागि आफ्ना बाबुनानीहरुलाई साँझ बिहानको समयमा घरबाहिर निस्कन नदिने, निस्कनै पर्ने भएमा अभिभावकको साथमा सुरक्षित भएर निस्कौं।

आफ्नो बस्ती नजिकै चितुवा देखिएको वा बस्तीमा प्रवेश गरेको जानकारी प्राप्त भएमा नजिकैको सुरक्षा निकाय वा वन कार्यालयमा जानकारी दिने तर चितुवा देखिएको स्थानमा भिड जम्मा भई नजिकै जाने वा होहल्ला गर्ने वा चितुवालाई कुनै पनि तरिकाले जिस्काउने कार्य नगरौं।

**अनुरोधक**

गण्डकी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

पोखरा

इमेलः moitfe4@gmail.com

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल

# १०. विकास र वातावरण बीच सन्तुलन कायम राखौं।
# स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सम्मान गरौं।

पृथ्वी सबैको साझा घर हो। पृथ्वीमा रहेका लाखौं जीवजन्तु मध्ये हामी मानिस एक हौं। हामीले हाम्रो सुविधा, सुख सयल, आनन्द र भोगविलासको लागि बाटो घाटो, पुल पुलेसा, नहर कूलो, भवन, विद्युत गृह, सुरुङ, सडक, औद्योगिक क्षेत्र तथा हवाइ मैदान जस्ता विकासका पूर्वाधार बनाइ रहेका छौं। यी पूर्वाधार बनाउँदा भईरहेको प्राकृतिक अवस्थामा खलल् पर्दछ। वातावरणीय अध्ययन नगरी निर्माण गरिएका विकासका पूर्वाधारका कारण प्रत्येक बर्ष ठूलो धनजनको क्षतिसमेत हुने गरेको छ। वातावरणीय अध्ययनले आयोजनाले पार्ने नकारात्मक असरलाइ न्यून गर्ने, बैकल्पिक उपायको खोजी गरी सुझाउने र सकारात्मक प्रभावलाई बढाउने कार्य गर्दछ । त्यसैले, विकासका पूर्वाधार निर्माण सम्बन्धी निकायहरुले विकासका आयोजनाहरुको कार्यान्वयन गर्नुपूर्व वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावलीमा भएका व्यवस्था अनुसरण गरी वातावरणीय अध्ययन गरेर मात्र आयोजना वा कार्यक्रम स्वीकृत गरी निर्माणको कार्य अगाडी बढाउन हुन सम्बन्धित सबैमा मन्त्रालय हार्दिक अपिल गर्दछ।

**अनुरोधक**

गण्डकी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

पोखरा

इमेलः moitfe4@gmail.com

# सामाजिक विकास कार्यालय कास्कीको अनुरोध

१. जेष्ठ नागरिकको जीवन सम्मानित, संरक्षित र व्यवस्थित बनाई उनीहरुको ज्ञान, सीप र, अनुभवलाई राष्ट्रको समृद्धिका लागि उपयोग गरौं ।

२. बालबालिका तथा किशोर किशोरीहरुलाई सबै प्रकारका हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै बालमैत्री समाज सहितको शासन व्यवस्थाको सुनिश्चितता कायम गरौं ।

३. महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत र लैंगिक समानता कायम गरी लैंगिक समानता मूलक समाज निर्माण गरौं ।

४. अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग, संरक्षण र सम्मान गरौं ।

५. सामाजिक, सांस्कृतिक विविधतामा गौरव गर्ने एकताबद्ध नेपाली समाजलाई थप मर्यादित एवं सु-संस्कृतयुक्त बनाउन आवश्यक सामाजिक पूर्वाधार निर्माण तथा ऐतिहासिक, शैक्षिक एवं धार्मिक सम्पदाहरुको संरक्षण गरौं ।

६. यस कार्यालयको चालु आ.व.२०८१/०८२ मा स्वीकृत बार्षिक योजना/कार्यक्रमहरु निर्धारित समयमानै सम्पन्न गर्नुपर्ने हुँदा सम्बन्धित सरोकारवालाहरुले समयमा नै कार्यालयमा सम्पर्क गरी जानकारी राखौं ।

**गण्डकी,प्रदेश सरकार**

**सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय**

**सामाजिक विकास कार्यालय, कास्की**

**पोखरा**

# गण्डकी प्रदेश भित्रका कृषक वर्गमा मन्त्रालयको अनुरोध

- यस मन्त्रालयले जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत कृषि तथा पशुपन्छी व्यवसाय सञ्चालनका लागि कृषि ऋण लिएका कृषकहरुलाई अधिकतम तीन वर्षका लागि ऋणको ५% (पाँच प्रतिशत) ब्याज रकम अनुदान उपलब्ध गराउँदै आएकाले सम्बन्धित जिल्लाबाट यस अवसरबाट लाभान्वित हुन कृषि ऋण लिएका र हालसम्म ब्याज अनुदान नपाएका कृषि पेशासँग सम्बन्धित सबैमा अनुरोध गर्दछौं।

- बाली बिमा गरेका कृषकहरुलाई सम्बन्धित कृषि ज्ञान केन्द्र मार्फत बिमा शुल्क (प्रिमियम) को रकम अनुदान उपलब्ध गराईने भएकोले बाली बिमा गरी जोखिम न्यूनिकरण गर्दै आफ्नो लगानी सुरक्षित गर्नुहुन अनुरोध गर्दछौं।

- उल्लेखित कार्यक्रमहरुको बारेमा थप जानकारीका लागि मन्त्रालयको वेबसाइट www.molmac.gandaki.gov.np बाट कार्यक्रमसँग सम्बन्धित मापदण्डहरू डाउनलोड गर्न तथा सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।

**गण्डकी प्रदेश सरकार**
**पोखरा, नेपाल**

## १. विषादीको सुरक्षित प्रयोग सम्बन्धि कृषक महानुभावहरुमा विशेष अनुरोध

- बालीहरुमा जथाभावि विषादी प्रयोग नगरौं, आफ्नो र वातावरणको ख्याल गरौं।
- विषादीलाई केटाकेटीको पहुँचबाट टाढा राखौं साथै विषादीलाई खानेकुरा, जनावरको दाना राख्ने ठाउँभन्दा छुट्टै स्थानमा राखौं।
- सकेसम्म जैविक विषदीको मात्र प्रयोग गरौं र रसायनिक विषादी प्रयोग गर्न परेको खण्डमा उक्त विषादीको बारेमा पूर्ण जानकारी लिएर मात्र प्रयोग गरौं।
- विषादी प्रयोग गर्दा सुरक्षित पहिरनको (पञ्जा, मास्क, चश्मा, पूरा बाउला भएको सर्ट र पेन्ट, एप्रोन, बुट ईत्यादी।) प्रयोग गर्ने गरौं र सम्भावित दुर्घटनाबाट बच्ने उपायबारे सजग रहौं।
- विषादी प्रयोग गर्नु पूर्व त्यसको लेबल (रंग र संकेत) पढौं र बुझौं।
- जिवनासक विषादी प्रयोग पश्चात प्रयोगकर्ताले रसाबुनसंग नुहाइ धुवाइ गर्ने, खाली विषादीको भाडांको सुरक्षित तवरले नष्ट गर्ने र  फल टिप्नको लागि प्रतिक्षा अवधि र पून: प्रयोग अवधिमा ध्यान दिने गरौं।
- विषादी विष हो, औषधि होईन भन्ने कुरा ध्यानमा राखौं।

गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

### २.विषादी कारोबारमा संलग्न महानुभावहरुमा विशेष अनुरोध

- विषादी ऐन र नियमावली बमोजिम इजाजत पत्र लिएर मात्र विषादीको कारोबार गर्नुहोस्।
- नियमानुसार इजाजत पत्र/पञ्जिकरण पत्र नविकरण गर्नुहोस् ।
- कारोबार गर्दा पञ्जिकृत विषादीहरुको मात्र कारोबार गर्नुहोस् ।
- आफ्नो उद्योगमा संलग्न कर्मचारी वा कामदारहरुलाई आवश्यक प्रशिक्षण दिनुहोस् ।
- विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाले तोकेको मापदण्ड बमोजिम विषादी पसल तथा उद्योग व्यवस्थित गर्नुहोस् ।
- पञ्जिकृत, सुरक्षित र प्रभावकारी विषादीको कारोबारलाई प्राथमिकता दिनुहोस् ।
- विषादीको सुरक्षित तरिकाले परिवहन र भण्डारण गर्नुहोस् ।
- विषादी चलाउँदा सुरक्षात्मक पहिरनको अनिवार्य प्रयोग गर्नुहोस्/गराउनुहोस् ।
- पञ्जिकृत नभएका र प्रतिबन्धित विषादीबारे जानकारी राख्नुहोस् र त्यस्ता विषादी आयात तथा बिक्री वितरण नगर्नुहोस् ।

**गण्डकी प्रदेश सरकार**
**पोखरा, नेपाल**

## कृषक वर्गमा अनुरोध

**बिउ विजन तर्फः**

-बजारमा पाईने विभिन्न खाद्यान्न र तरकारी बालिको बिउ खरिद गर्ने बेला नेपाल सरकारबाट सुचिकृत अथवा सिफारिस भएको हो होईन एकिन गरौं ।

-बिउ खरिद गर्ने बेलामा बीउ उत्पादनकर्ताको विवरण भएको यथार्थ संकेत पत्र भएको बीउ मात्र खरिद गर्नेगरौं ।

-बिउ उत्पादन गर्ने कृषक समुह / सहकारी / कम्पनी तथा फार्मले उत्पादन स्थलमा जानकारी मुलक होर्डिङ बोर्ड अनिवार्य रुपमा राख्ने गरौं ।

**गण्डकी प्रदेश सरकार**
**पोखरा, नेपाल**

## सम्पूर्ण कृषक, कृषक समूह, कृषि सहकारी संस्था, कृषि व्यवसायी तथा कृषि प्रेमीहरुमा अनुरोध ।

- बीउ उत्पादन प्रोत्साहन कार्यक्रमबाट लाभ लिंदै गुणस्तरीय बीउ र बेर्ना उत्पादन र प्रयोगमा टेवा पुर्याऔं ।
- बीउ बिजनको गुणस्तर कायम गर्न प्रमाणीकरण र यथार्थ संकेतपत्र प्रणाली र गुणस्तरीय बेर्नाको लागि तन्तु प्रजनन प्रणालीको अबलम्बन गरौं ।
- स्वस्थ माटो, स्वस्थ बिरुवा र स्वस्थ कृषि उपजको लागि माटो जाँच शिविर, प्लान्ट क्लिनिक तथा बिषादी अवशेष परिक्षण कार्यक्रममा सहभागी बनौ ।
- कृषि मौसम र प्राविधिकको सल्लाह बमोजिम कृषि गतिविधि संचालन गरौं ।
- बाली बिशेष कार्यक्रम (आलुखेती मकै भट्टमास / चैतेधान / मौरी / च्याउ ) लाई कृषि व्यवसायिकरणसँग जोडौं ।
- कृषि भूमिको चक्लाबन्दी गरी नविनतम प्रबिधि सहित यान्त्रिकीकरण गरौं ।
- कृषि उपजको संकलन, प्रशोधन, लेबलिङ्ग तथा प्याकेजिङ्गमार्फत मूल्य अभिबृद्धि गरी बजारीकरण गर्दै कृषिलाई व्यवसायीकरण गरौं ।
- कृषि तालिम लिई ज्ञानमा आधारित कृषि व्यवसाय संचालन गरौं ।
- नविनतम कृषि प्रविधिका लागि रेडियो, पत्रपत्रिका तथा सामाजिक संजालको उपयोग गरौं ।
- जोखिम न्यूनिकरणका लागि संरक्षित कृषि र कृषि बिमामा जोड दिऔं ।
- कृषि यान्त्रिकीकरण मार्फत उत्पादन लागत घटाऔं ।
- कृषि व्यवसाय प्रबर्दनका लागि बिमाशुल्कमा अनुदान तथा कृषि ऋणको ब्याजमा अनुदानकार्यक्रमबाट उच्चतम लाभ लिऔं ।
- आकस्मिक सेवा टेवा तथा व्यवसाय पुनःस्थापना सहयोगको लागि सम्बन्धित कृषि कार्यालयहरुमा सम्पर्क गरौं ।
- ग्रामिण क्षेत्रमा स्थानीय कृषि उपजको प्रशोधनमा आधारित कृषि उद्यमशिलता विकास गरौं ।
- ठूला उत्पादन पकेटहरु, प्रशोधन केन्द्र, शितगृह तथा कृषि बजारबीच सहकार्य गर्दै दिगो कृषि उत्पादनमा हातेमालो गरौं ।
- उत्पादनोपरान्त क्षेती न्यूनीकरणको लागि कोल्ड रुम / स्टोर, सेलार स्टोर, रस्टिक स्टोर निर्माण तथा संचालनमा गरौं ।
- रैथाने बाली संरक्षणका लागि सामुदायिक बीउ बैंक स्थापना गरी संचालन गरौं ।

- कृषकको प्रत्यक्ष सहभागितामा संचालित उन्नत प्रबिधि प्रदर्शनी कार्यक्रम तथा कृषक पाठशालाबाट अधिकतम ज्ञान हासिल गरौं ।
- खाद्य पोषण सुनिश्चितताको लागि घरबगैंचा स्थापना गरौं ।
- बाँझो जग्गामा व्यवसायिक खेति प्रोत्साहन गरी स्थानीय जनशक्तिको अधिकतम प्रयोग गरौं ।
- कृषिलाई सम्मानजनक पेशाको रुपमा विकास गरी सुखी र समृद्ध बनौं ।

**गण्डकी प्रदेश सरकार**
**पोखरा, नेपाल**

**!!स्वस्थकर मासु खाऔं, जीवन बचाऔं !!!**

<u>मासु बारेः</u>

- याद राखौं ६०% भन्दा बढि मानव रोगहरु पशुपन्छीबाट सर्ने गर्दछ।
- निरोगी पशुपन्छी मात्रै बध गरौं र चिस्यान सुविधा भएको स्वच्छ र सफा मासु पसलवाट मात्रै मासु खरिद गरौं।
- सम्भव भएसम्म बधस्थलमा बध गरिएको पशुपन्छीको मासु मात्रै उपभोग गरौं।
- बध गरेका पशुपन्छीको भित्र्यांश र फोहोर राम्ररी व्यवस्थापन गरौं। वधशालाको फोहोरलाई सिधै पानीको श्रोतमा नफालौं।
- छाला सहित भन्दा छाला रहित मासु स्वास्थ्यका लागि उपयुक्त हुन्छ भन्ने कुराको हेक्का राखौं।

माछा बारेः

- माछामा पाइने Omega-3 fatty acid ले मानसिक बिकासमा सहयोग पुर्याउनुका साथै anti-ageing का लागि महत्वपूर्ण रसायनको रुपमा प्रयोग गरिन्छ।
- यसमा भिटामिन ए र भिटामिन बि२ प्रचुर मात्रामा पाइन्छ।
- मुटुका बिरामीले समेत दैनिक २ पटक सम्म माछाको उपभोग गर्न सक्दछन् ।
- माछा खरिद गर्दा सकेसम्म जिवित माछा नै खरिद गर्दा बेस हुन्छ।
- ताजा माछा र बासी माछा छुट्याउने तरिका सबै उपभोक्ताले जानेको बेस हुन्छ ।
- ताजा माछाको गिल्स उज्यालो रातो हुन्छ भने बासी माछाको हकमा खैरो र सिंगान लागेको जस्तो हुन्छ
- साथै ताजा माछाको शरिरमा औंलाले थिच्दा गड्दैन भने बासी माछाको हकमा औंला गडेको डाम बस्छ

अण्डा बारेः

- सम्पूर्ण पोषक तत्वको एक प्याकेज अण्डाको नियमित सेवन गरौं।
- प्रोटिन, फयाट, भिटामिन ए, बि, डि तथा फोसफोरस र सेलेनियम को एउटै भरपर्दो श्रोतका रुपमा अण्डालाई लिइन्छ ।
- दिनको दुईवटा अण्डा सेवन गर्दा शरिरलाई दैनिक चाहिने झण्डै आधा प्रोटिन को परिपूर्ति हुन्छ।
- बालवृद्ध, गर्भवति, सुत्केरी जस्ता सबै शारिरिक अवस्थाका व्यक्तिका लागि अण्डा सहजै पाच्य प्रोटिनको रुपमा उपलब्ध गराउन सकिन्छ।
- मासु भन्दा सुपथ मुल्यमा उपलब्ध हुने भएकाले दैनिक उपभोग गर्न सकिन्छ।
- प्रोटिनको प्याकेज अण्डा, दैनिक दुइटा खानामा<br>तागत र स्फूर्ति बढ्नेछ सधै सबैको ज्यानमा।।

**गण्डकी प्रदेश सरकार**
**पोखरा, नेपाल**